# पाठ १

# समुदायको धारणा

बालकको जन्म भयो। परिवारले आनन्द मनायो। छिमेकी खानेकुरा लिएर परिवारमा आउँछ र परिवारको नयाँ सदस्यलाई सहायता पुऱ्याउनको निम्ति कुनै मित्र त्यहाँ आइपुग्छ।

हुन सक्छ, यस्तो आनन्दित अवसरलाई तपाईंले अनुभव गर्नुभएको होला। पूरै परिवारको भलाइको निम्ति यस्तो दया र सरोकार देख्न पाउनु कति उत्साहको कुरा हो! *समुदायको* आत्मा नै यही हो।

यस पाठमा हामी समुदायको पृष्ठभूमि र बाइबलिय आधारलाई अध्ययन गर्नेछौं। समुदायको आत्मा शुरूको एकलेसिया (मण्डली)-मा सिकाइएका शुरूका सिद्धान्तहरूमध्ये एक पहिलो सिद्धान्त हो। यो ख्रीष्टको सिद्धान्त पनि हो, जसले एक-अर्कालाई प्रेम गर्न र एक-अर्काका निम्ति वास्ता गर्नका लागि हामीलाई सिकाउनुभयो। समुदायको धारणा बुझ्नका लागि यस पाठले तपाईंलाई सहायता पुऱ्याउनेछ। ख्रीष्टियान समुदायको अङ्ग हुनु कति उदेकको छ भनी तपाईंले स्पष्टसँग बुझ्नुहुनेछ। तपाईंले यस पाठलाई अध्ययन गर्नुहुँदा अरूहरूसँगका तपाईंका सबै क्रियाकलापहरूमा समुदायको आत्मालाई कसरी प्रकट गरिएको छ सो देखाउन पवित्र आत्मासँग बिन्ती गर्नुहोस्।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

*समुदाय* शब्दको अर्थ
समुदायको पूर्णता
समुदायको निम्ति बाइबलिय आधार

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- बाइबलबाट उदाहरणहरू दिई *समुदायको* अर्थ बताउन।
- परमेश्वरको समुदायका विश्वासीहरूको अङ्ग तपाईं कसरी बन्न सक्नुहुन्छ सो वर्णन गर्न।
- *समुदायको आत्माचाहिँ* प्रेम र सरोकारको आत्मा हो भनी बुझ्न।

## समुदाय शब्दको अर्थ

उद्देश्य १ *समुदायको धारणालाई परिभाषित गर्ने शब्दहरूको परिचय दिनुहोस्।*

*समुदाय* राम्रो सुनिने शब्द हो, किनभने यसले उस्तै मानिसहरू, ठाउँहरू र थोकहरू विचार गर्न हामीलाई लगाउँछ। यद्यपि, यदि हामीले विस्तृत रूपमा समुदायलाई विचार गर्‍यौं भने हामी अझै यसप्रति कृतज्ञ हुन सक्छौं।

नेपाली भाषामा समुदाय शब्दले कुनै ठाउँमा बस्ने उस्तै इच्छा भएका मानिसहरूको सम्बोधन गर्छ। यसले एक-अर्काप्रति भएको प्रेम र सरोकारको पनि सम्बोधन गर्छ। *समुदाय* शब्दको यो उच्च प्रयोग हो।

एउटै उद्देश्यद्वारा एकैसाथ रहने मानिसहरूको समूहलाई बताउनको लागि पनि *समुदाय* शब्द प्रयोग गर्न सकिन्छ। उदाहरणको लागि कुनै-कुनै देशहरूमा, मानिसहरूले उस्तै किसिमका कामहरू गर्नका लागि व्यापार संघजस्ता संगठनहरू खड़ा गर्छन्, जसको उद्देश्यचाहिँ उनीहरूका समान इच्छाहरूलाई विस्तार गर्नु हो। *समुदायमा* भएका सदस्यहरूद्वारा नै व्यापार संघ निर्माण भएको हुन्छ।

बाइबलको दोस्रो खण्ड वा नयाँ करार सबैभन्दा पहिले ग्रीक भाषामा लेखिएको थियो। नयाँ करारमा प्रयोग भएको ग्रीक शब्द *कोइनोनियाले* हामीलाई *समुदायको* बाइबलिय अर्थको धारणा दिएको छ। *कोइनोनियालाई* "सङ्गति" वा "साझेदार" भनी प्रायःजसो अनुवाद गरिएको छ। कसैसँग केही कुरामा संलग्न भएको अर्थ यसले दिन्छ। कित दिने कि प्राप्त गर्ने कुरामा जोड दिई यसले दुइतर्फी सम्बन्धको सङ्केत गर्छ। यसलाई "सहभागिता",

"सङ्गति (सम्वाद)" वा "योगदान"-को रूपमा पनि अनुवाद गरिएको छ। वैवाहिक सम्बन्धजस्तो नजीकको सहभागिताको निम्ति पनि यो शब्द प्रयोग गरिएको छ।

बाइबलमा *कोइनोनिया* शब्द कसरी प्रयोग गरिएको छ भनी देखाउने केही महत्त्वपूर्ण उदाहरणहरू यहाँ छन्। बाइबल पदहरूलाई भेट्टाउनुहोस् र ध्यानपूर्वक ती पढ्नुहोस्।

१. यूहन्ना १२:६- येशू र उहाँका चेलाहरूले प्रयोग गर्ने *संयुक्त थैली* (आफ्ना खर्चहरू तिर्नका लागि तिनीहरूले प्रयोग गर्ने रकम)।
२. १ कोरिन्थी १०:१६– हामीले प्रभु-भोज सेवामा भाग लिँदा ख्रीष्टको रगतमा भएको *सहभागिता*।
३. १ यूहन्ना १:३,६-७– परमेश्वर पिता र उहाँका पुत्र येशू ख्रीष्ट र विश्वासीहरूका बीचमा भएको *सङ्गति*।
४. १ कोरिन्थी १०:२०– "*सहभागिताहरू*" भूतात्माहरूसँग सहभागी नहुने चेताउनी।
५. रोमी १५:२६– ग्रीक ख्रीष्टियानहरूबाट यरूशलेममा लगिएको रुपियाँपैसाको *भेटी* वा वरदान।

यी बाइबल पदहरूमा बाँड्ने, सङ्गति र सहभागिताका विचारहरूलाई देख्न सकिन्छ। *समुदायको* यो असल व्याख्या हो।

### तपाईंको अभ्यासको निम्ति

*तपाईंको अभ्यासको निम्ति* भनिने यी प्रत्येक खण्डहरूमा भएका प्रश्नहरू वा अभ्यासहरूले तपाईंले अध्ययन गर्नुभएका कुराहरूलाई दोहोऱ्याउन वा प्रयोग गर्न सहायता गर्नेछ। हामीले दिएका

उत्तरहरू हेर्नुभन्दा पहिले प्रत्येक प्रश्न वा अभ्यासको उत्तर दिनुहोस्।

**१** *कोइनोनिया* वा *समुदायलाई* परिभाषित गर्ने शब्दहरूका अगाडिका अक्षरमा घेरा लगाउनुहोस्।

**क.** भेटी
**ख.** इच्छा
**ग.** सहभागीहरू
**घ.** सङ्गति
**ङ.** शासन गर्नु
**च.** बाँड्नु

*यस पाठको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरू जाँच्नुहोस्।*

---

## समुदायको पूर्णता

---

उद्देश्य २ *समुदायलाई सम्भव बनाउन के आवश्यक छ परिचित गर्नुहोस्।*

प्रायजसो सबैले बुझ्ने विशेष विचारहरू त्यहाँ हुन्छन्। हामीहरूमध्ये प्रायजसोले खेतीपातीको आधारभूत विचारलाई बुझ्छौं, किनकि हामी सबैलाई खानेकुराको आवश्यकता पर्छ। बीउ रोप्नका लागि माटोलाई सधैं तयार पार्नुपर्छ। कुनै देशहरूमा मानिसहरूले कोदालो वा कोदालीको सहायताद्वारा माटो तयार पार्छन्। अरू ठाउँहरूमा, गोरुहरू लगाई काठको हलोद्वारा माटो तयार पारिन्छ। अझै अरू ठाउँहरूमा चाहिँ ट्याक्टरहरू प्रयोग गरिन्छन्। यद्यपि, जोताइको आधारभूत विचारहरूचाहिँ उही नै रहन्छ– बीउ छोप्न सकियोस् र वर्षाको पानीले

बीउलाई उमारेको होस् भनी माटोलाई मसिनो पार्नु। त्यसपछि माटोमा उम्रने झारपातलाई हटाउने गाह्रो काम आउँछ र यसरी बोट-बिरुवालाई मेहनतसाथ हुर्काउन सकिन्छ। अन्तमा जब बोट परिपक्व हुन्छ वा पाक्छ तब फसलको कटनी गरिन्छ।

यसरी जोत्ने, रोप्ने, पर्खने र काट्ने कुराको यस आधारभूत विचारलाई प्रायजसो प्रत्येक देशमा पाउन सकिन्छ। तरकारीहरू उही हुँदैनन् होला, तर अन्तिम नतीजाहरूचाहिँ उस्तै हुन्छन्।



समुदायको धारणाको बारेमा पनि हामी यही कुरा नै भन्न सक्छौं। तपाईं सानो पारिवारिक समूहमा वा ठूलो शहरमा जहाँ बस्नुभए तापनि यसले केही फरक पार्दैन। *समुदायको आधारभूत धारणा* यही नै हो। योचाहिँ मानिसहरूसँग मानिसहरू जिउनु हो। ५०० जना मानिसहरू एकैसाथ बस्नलाई वा दुइ जना मात्र एकैसाथ बस्नलाई यो सम्भव छ।

समुदाय सरोकारद्वारा प्रदर्शित भएको हुन्छ। येशूले लाजरस नाम भएका मानिस र धनी मानिसको बारेमा एउटा कथा भन्नुभयो (लूका १६:१९-३१)। धनी मानिसचाहिँ लाजरसप्रति निर्दयी थियो भन्ने कुराको हामी कुनै सङ्केत पाउँदैनौं। यस

कथामा हामी देख्छौं कि सरोकार नराख्ने धनी मानिस मऱ्यो र नरकमा गयो, किनकि ऊ जीवित भएको बेलामा उसले परमेश्वरको बारेको सत्यतालाई ग्रहण गरेन। अरूहरूका निम्ति सरोकार राख्नुपर्छ भन्ने कुरा परमेश्वरले नै हामीलाई सिकाउनुहुन्छ।

डाँकाहरूद्वारा आक्रमण गरिएको र नराम्रोसँग पिटिएको एक यहूदीको बारेमा येशूले अर्को कथा भन्नुभयो। बाटोको किनारमा मरेतुल्य अवस्थामा उसलाई छोड़िएको थियो (लूका १०:३०-३७)। दुइ धार्मिक मानिसहरू त्यही बाटो भएर आए, तर तिनीहरूले त्यस घायल मानिसलाई केही पनि सहायता गरेनन्। अन्तमा सामरियाबाट एउटा मानिस त्यही बाटो भएर आए। यहूदी र सामरीहरूले एक-अर्कासँग सम्बन्ध नै नराख्ने उनीहरूको चलन थियो। तर एक्कासि ती सामरी उभिए, ती यहूदी मानिसका घाउहरूमा पट्टि बाँधिदिए, आफ्नै गधामाथि तिनलाई बसाले र तिनलाई नजीकैको होटेलमा पुऱ्याए। ती घायल मानिसको हेरचाहा गर्नका लागि चाहिने सबै खर्च आफूले तिरिदिने कुरा सामरीले होटेलका मालिकलाई बताए। कार्यमा भएको समुदायको आत्माको यो एक उत्तम उदाहरण हो।



समुदायको आत्मालाई प्रेम र सरोकारद्वारा देखाइन्छ। सरोकार भनेको अरूहरूको वास्ता गर्नु हो। हामीले हाम्रा वरिपरि बस्ने मानिसहरूको सरोकार गर्नुपर्छ र संसारका अरू भागहरूमा बस्ने मानिसहरूका निम्ति हामीले विश्वव्यापी सरोकार पनि राख्नैपर्छ। येशूले भन्नुभयो, "यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ" (यूहन्ना १३:३५)। यो समुदायको आत्मा हो।

## तपाईंको अभ्यासको निम्ति

**२** लाजरसको कथा (लूका १६:१९-३१) र असल सामरीको कथा (लूका १०:३०-३७)-लाई आफ्नो बाइबलमा पढ्नुहोस्। समुदायको आत्मालाई देखाउने उदाहरणको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** लाजरस र धनी मानिसको कथा।

**ख.** असल सामरीको कथा।

**३** यी दुइ कथाहरूमा कस्तो प्रवृत्तिले फरक पार्छ?

.......................................................................

**४** समुदायको धारणा सम्भव हुने ठाउँहरूका अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** ठूला शहरहरूमा

**ख.** एकान्त गाउँहरूमा

**ग.** साना समूहहरूमा

**घ.** कुनै व्यक्ति एकलै रहने ठाउँमा

**ङ.** दुइ मानिसहरूका बीचमा

*तपाईंका उत्तरहरू जाँच्नुहोस्।*



## समुदायको निम्ति बाइबलिय आधार

उद्देश्य ३ *बाइबलबाटका उदाहरणहरूमा देखिने समुदायको आत्माको किसिमलाई उल्लेख गर्नुहोस्।*

समुदायको सबैभन्दा पहिलो उदाहरण बाइबलको पहिलो पुस्तक अर्थात् उत्पत्ति २ र ३ अध्यायहरूमा पाउन सकिन्छ। पहिलो मानिस आदमको सृष्टिको घटना हामी यहाँ पाउन सक्छौं। यस बेला आदम र परमेश्वरको बीचमा मात्र समुदाय सम्भव थियो। आदम पापरहित भएका हुनाले, परमेश्वरसँगको उनको सहभागिता वा सङ्गति *(कोइनोनिया)* अति नै व्यक्तिगत थियो। हरेक दिन तिनीहरू एकैसाथ कुराकानी गर्थे। यो एक-अर्कासँग बाँड्चूँड् गर्ने समय थियो। त्यसकारण हामी भन्न सक्छौं कि परमेश्वर र आदमको *समुदाय* थियो।

केही समयपछि नै परमेश्वरले आदमको निम्ति एउटी पत्नी सृष्टि गरिदिनुभयो, र आदमले तिनलाई *स्त्री* भनी बोलाए (उत्पत्ति २:२३)। अब दुइ व्यक्तिहरूका बीचमा *समुदायको* सम्भावना भयो। आदम र उनकी पत्नी हव्वा एक-अर्कासँगको मिलापमा थिए। तिनीहरू परमेश्वरसँगको सङ्गतिमा र परमेश्वरको पूर्ण सृष्टिसँगको शान्तिमा थिए। अब तीन किसिमको समुदाय प्रकट भयो। यो समुदायको अवस्था सिद्ध थियो।

यद्यपि समुदायको यो सिद्ध अवस्था निरन्तर रूपमा अगाड़ि बढ्न सकेन। पापको प्रवेश भयो (उत्पत्ति ३)। आदम र

हव्वाले परमेश्वरको आज्ञा पालन नगरेका हुनाले सिद्ध समुदाय टुक्रा-टुक्रा भयो। तिनीहरू परमेश्वरबाट टाढ़ा भए र ख्रीष्टमाथि भएको आफ्नो अधिकार गुमाए। आदम आफ्नी पत्नीसँगै समुदायको असिद्ध अवस्थामा प्रवेश गर्नुपऱ्यो। आफूले तिनीहरूलाई दिएको सुन्दर बगैंचाबाट तिनीहरूलाई बाहिर धपाउनु परे तापनि परमेश्वरले आफ्नो अनुग्रहमा तिनीहरूलाई एक-अर्काबाट सान्त्वना पाउन सक्ने अनुमति दिनुभयो। माटोबाटको उब्जनी खानका लागि तिनीहरूले कड़ा मेहनत गरी पसिना बगाउनुपर्नेभयो (उत्पत्ति ३:१९)।

इस्राएलका सन्तान उजाड़-स्थानमा भौंतारिएको कथा के तपाईंलाई थाहा छ? यो पनि समुदायको अर्को उदाहरण हो। यसलाई बाइबलमा लेखिएको छ र प्रस्थानको पुस्तकको तीन अध्यायबाट यो शुरू हुन्छ। मिश्रको बन्धनबाट छुटकारा पाई प्रतिज्ञाको देशतर्फ जाँदा इस्राएलीहरूले चालीस वर्षसम्म यात्रा गरेका थिए। यस अवधिमा तिनीहरू स्थायी घरविनाका भौंतारिहिँड्ने मानिसहरू थिए। तर ठाउँ-ठाउँमा हिँड़िरहनुपर्ने यस समयमा पनि तिनीहरू समुदायको आत्मामा जिएका थिए।

प्रस्थान १६:१ -ले बताउँछ, "इस्राएलीहरूका सारा समुदायले सीनको उजाड़-स्थान छोड़े।" पहिल्यै अध्ययन गरिएको समुदायका गुणहरूलाई विचार गर्नुहोस्। इस्राएल एक *समुदाय* राज्य थियो, किनकि मानिसहरूका बीचमा *समुदाय*– बाँड़चूँड़ गर्ने र प्रेमी सम्बन्ध– स्थापित थियो। तपाईंले प्रस्थानको पुस्तकमा पूरै कथा पढ्नुहुँदा तपाईंले देख्नुहुनेछ, कि इस्राएलीहरूले धेरै कठिन परिस्थितिहरू र विजयी परिस्थितिहरूको बाँड़चूँड़ गरेका थिए।

परमेश्वरले इस्राएलीहरूलाई दश आज्ञा दिनुभयो भनी हामी प्रस्थान २० अध्यायमा पढ्छौं। तिनीहरू समुदायमा कसरी जिउनुपर्छ भनी चालचलनका यी नियमहरूले तिनीहरूलाई

देखाएका थिए। दश आज्ञाहरू पालन गरिनुपर्ने परमेश्वरका नियमहरू थिए, जसलाई तोड्नु हुँदैनथ्यो। ती आज्ञाहरूले सिकाएका थिए कि सबैभन्दा पहिले मानिसहरूले परमेश्वरलाई प्रेम र आदर गर्नुपर्छ र त्यसपछि मानिसहरूलाई प्रेम र आदर गर्नुपर्छ। समुदाय सम्बन्धहरूका बारेमा भएका शुरूका शिक्षाहरूमध्ये यो पनि एउटा हो। परमेश्वरले भनिरहनुभएको थियो, "यी नियमहरूलाई पालन गर र तिमीहरू सिद्ध समुदायमा जिउन सक्नेछौ।"



दश आज्ञाहरूका साथसाथै समुदायमा जिउनका लागि इस्राएललाई सहायता पुऱ्याउन परमेश्वरले अरू धेरै निर्देशनहरू दिनुभयो। वेदीहरू, बलिदानहरू, चाड़पर्वहरू, खाने बानीहरू, व्यक्तिगत व्यवहार वा चालचलन र अरूहरूप्रतिको व्यवहारको बारेमा त्यहाँ धेरै नियमहरू थिए। परमेश्वरसँगको भक्ति र समुदायको आत्मा– सङ्गति, प्रेम र एक-अर्काप्रतिको सरोकार–मा जिउनका लागि मानिसहरूलाई सहायता पुऱ्याउन यी नियमहरू दिइएका थिए।

अब हामी समुदायको उदाहरणलाई नयाँ करारमा हेरौं। पेन्तिकोसको दिनमा पवित्र आत्मा खन्याइनुभएपछि शुरूको

एकलेसियामा एकता र समुदायको बलियो आत्मा त्यहाँ प्रदर्शित भएको थियो। प्रेरित २:४३-४७ पढ्नुहोस्। ४४ पदले उल्लेख गरेको छ कि यी मानिसहरू "सबै एकसाथ बस्थे" र तिनीहरूका "सबै थोक साझा थिए।" *समुदायको* हाम्रो परिभाषालाई अब फेरि विचार गर्नुहोस्। यी शब्दहरूले देखाउँछन् कि "प्रेम र सरोकार" र 'नजीकको सङ्गति" शुरूको एकलेसियामा थियो। नयाँ करार एकलेसिया (मण्डली) समुदायको एकलेसिया थियो, किनकि यसमा भएका मानिसहरू एक-अर्काको वास्ता गर्थे र बाँड़चूँड़ गर्थे। हामी पनि यसै गरौं।

**तपाईंको अभ्यासको निम्ति**

**५** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** समुदायमा जिउनका लागि दश आज्ञाहरू शुरूका निर्दिष्ट नियमहरू हुन्।

**ख.** इस्राएलीहरू उजाड़-स्थानमा समुदायको आत्मामा जिउन सकेनन्, किनकि तिनीहरूको स्थायी घर थिएन।

**ग.** आदम र हव्वाले पाप गर्नुभन्दा पहिले परमेश्वरसँग, एक-अर्कासँग र पूरै स्मृतिसँग तिनीहरूको सिद्ध समुदाय थियो।

**घ.** शुरूको एकलेसियामा नै समुदाय थियो भनी हामीलाई थाहा छ, किनकि ख्रीष्टियानहरूले एक-अर्काका निम्ति प्रेम र सरोकार देखाएका थिए।

**६** यस खण्डमा हामीले अध्ययन गरेका उदाहरणहरूमा देखिने समुदायको आत्मालाई प्रकट गर्ने चार तरीकाहरूको सूची बनाउनुहोस्। ..................................................

.....................................................................

७ तपाईंले समुदायको आत्मा कसरी देखाउन सक्नुहुन्छ भन्ने बारेमा यस पाठले तपाईंलाई के बताउँछ?

.....................................................................

.....................................................................

यदि तपाईं ख्रीष्टियान हुनुहुन्छ भने तपाईं परमेश्वरका विश्वासीहरूका अचम्मको समुदायका अङ्ग हुनुहुन्छ। के तपाईंले समुदायका अरू सदस्यहरूको वास्ता गर्नुहुन्छ? खाँचोमा परेका व्यक्तिहरूसँग के तपाईं बाँड्चूँड् गर्नुहुन्छ? समुदायको खास अर्थ नै यही हो।



## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

तपाईंका अध्ययन अभ्यासहरूका उत्तरहरूलाई क्रमिक रूपमा दिइएका छैनन्, यसरी अर्को प्रश्नको उत्तरलाई तपाईं पहिल्यै देख्न सक्नुहुन्न। तपाईंलाई चाहिने संख्या मात्र हेर्नुहोस् र अरू उत्तरहरू पहिले नै हेर्ने कोशिश नगर्नुहोस्।

४ क) ठूला शहरहरूमा।
  ख) एकान्त गाउँहरूमा।
  ग) साना समूहहरूमा।
  ङ) दुइ मानिसहरूका बीचमा

१ क) भेटी।
  ग) सहभागीहरू।
  घ) सङ्गति।
  च) बाँड्नु।

५ क) ठीक
  ख) बेठीक
  ग) ठीक
  घ) ठीक

२ ख) असल सामरीको कथा।

६ यीमध्ये कुनै पनिः बाँड्नु, सङ्गति, प्रेम र सरोकार देखाउनु। आदर गर्नु, वास्ता गर्नु।

३ प्रेम र सरोकार

७ तपाईंको उत्तर। मचाहिँ यो भन्छुः म अरूहरूका निम्ति प्रेम र सरोकार देखाउन सक्छु।